**बैंक अफ काठमाण्डू लिमिटेड**
**BANK OF KATHMANDU LTD.**
*we make your life easier*
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था

**केन्द्रीय कार्यालय: कमलपोखरी, फोन नं. ४४१४५४१, फ्याक्स नं. ४४१८९९०**
**URL: www.bok.com.np, Email: info@bok.com.np**


# संस्थापक शेयर लिलामी मार्फत निष्काशन सम्बन्धमा सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७४/०८/२२**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/०८/२९**

धितोपत्र सम्बन्धी कानून बमोजिम एक विशेष परिस्थिति अनुरूप बैंक अफ काठमाण्डू लिमिटेडको संस्थापक/सर्वसाधारण शेयर संरचना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम मिलाउने उद्धेश्यले बैंकको ६१,५८,०६७ कित्ता संस्थापक शेयरको अंकित मूल्य रू. १००/- लाई न्युनतम मूल्य कायम गरी सो वा सो भन्दा बढी मूल्यमा लिलाम बढाबढ गर्ने यस बैंकको संचालक समितिको निर्णय अनुसार उक्त शेयर खरिद गर्न इच्छुक व्यक्ति, फर्म, कम्पनी, संस्थाहरूले यो सूचनामा उल्लेखित अवधि भित्र तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

## लिलाम बिक्री गर्नुपर्ने संस्थापक समूहको शेयर : ६१,५८,०६७ कित्ता

**शर्तहरू:**

१. बोलपत्र आवेदन फारम बिक्री तथा संकलन हुने स्थानहरू:

| | |
|---|---|
| १. | बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं |
| २. | बैंक अफ काठमाडौंको केन्द्रीय कार्यलय |
| ३. | बैंक अफ काठमाडौंको देहायका शाखा कार्यलयहरू |
| उपत्यका भित्र | कमलपोखरी, नक्साल, अनामनगर, न्यूरोड, भक्तपुर, जावलाखेल, महाराजगंज, चाबहिल, नयाँ बानेश्वर, त्रिपुरेश्वर |
| उपत्यका बाहिर | बिराटनगर, जनकपुर, विरगंज, हेटौडा, नारायणगढ, पोखरा, बुटवल, नेपालगंज, धनगढी, सुर्खेत, बिर्तामोड, धरान र बाग्लुङ्ग |

बोलपत्र आवेदन फारम रू.२/- नगद भुक्तान गरी माथी उल्लेखित स्थानहरूबाट प्राप्त गर्न सकिनेछ ।

२. शेयरको अंकित मूल्य रू.१००/- लाई न्युनतम मूल्य तोकिएको हुँदा सो वा सोभन्दा बढि मुल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ । एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले छुट्टाछुट्टै आवेदन भरी फरक फरक मुल्यमा आवेदन दिन पाइने छैन । आवेदकले प्रति शेयर वापतको बोलकबोल रकम पूर्णाङ्कमा आवेदन गर्नु पर्नेछ ।

३. बोलपत्र पेश गर्दा न्यूनतम १०० कित्ता वा सो भन्दा बढीको लागि १० अंकले भाग जाने गरि नेपाल राष्ट्र बैंकले तोकेको प्रति व्यक्ति सिमाको अधिनमा रहने गरि अधिकत्तम ६१,५८,०६७ कित्ता शेयरका लागि आवेदन दिन सकिने छ । रू.१० लाखसम्म आवेदन दिनेले स्वेच्छिक रूपमा र रू.१० लाख भन्दा वढी रकमको लागि आवेदन दिनेले अनिवार्य रूपमा प्यान नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।

४. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अङ्क र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । धैरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रतिकित्ता शेयर मुल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिइने छैन । अंक र अक्षरमा लेखिएको फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर, हितग्राही खाता नं., बैक खाता नं. लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ । साथै, बैंकको बाहालवाला शेयरधनीले बोलपत्र पेश गर्दा आफ्नो शेयरधनी नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्दछ ।

६. आवेदकले शेयर खरिदका लागि आवेदन पेश गर्दा शिलबन्दी गरि "बैंक अफ काठमाण्डू लिमिटेडको शेयर खरिद आवेदन" उल्लेख भएको हुनुपर्नेछ ।

७. बोलपत्र फारामसाथ आफुले खरिद गर्न चाहेको शेयर संख्या र सो वापत लिन चाहेको प्रति शेयर मुल्यका दरले हुने कुल रकम (शत् प्रतिशत) नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा बैंक अफ काठमाण्डूमा रहेको खाता नं. ०६५९००००००१४५२४ मा रकम जम्मा गरि सक्कल नगद भौचर बोलपत्र फारामसाथ संलग्न गरि पेश गर्नुपर्नेछ । तोकिएको बैंक खाता बाहेक अन्य खातामा रकम जम्मा भएको पाइएमा त्यसलाई मान्यता दिइने छैन । चेक मार्फत रकम जम्मा गर्नेको हकमा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा खिचिएको Nepal Clearing House Ltd. को सदस्यता रहेको बैंक तथा वित्तीय संस्थाहरूको Good For Payment गरिएको चेक बोलपत्र फारामसाथ संलग्न गरि पेश गर्नु पर्नेछ । साथै Good For Payment गर्दा लाग्ने शुल्क तथा चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग बापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।

८. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । नागरिक भएमा नागरिकता, फर्म भएमा दर्ता प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी भएमा संचालक समितिको निर्णय तथा अख्तियारनामा, दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

९. बोलपत्र मिति २०७४/०८/२९ गते दिनको ३:०० बजेभित्र बुँदा १ मा उल्लेखित स्थानमा दर्ता भइ सक्नु पर्नेछ । उक्त दिन सार्वजनीक बिदा परेमा कार्यालय खुलेको दिनको ३:०० बजेभित्र दर्ता भइ सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।

१०. बोलपत्र दाखिला गरि सकेपछि बोलपत्रमा कबोल गरेको संख्या वा रकममा हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

११. शेयर खरिदका लागि प्राप्त बोलपत्र आवेदनहरूको प्रशोधन बिक्री प्रबन्धकले बैंक अफ काठमाण्डू लिमिटेडको सहकार्यमा गर्नेछ र सोको जानकारी राष्ट्रिय दैनिक पत्रिकामार्फत् गराउनेछ ।

१२. तोकिएको म्याद भित्र रितपुर्वक प्राप्त भएका आवेदनहरूलाइ बाँडफाँडमा समावेश गरी शेयर बाँडफाँड गरिने छ । यस कार्यको लागि बोलकबोलको मान्यतामा खरिद दरखास्त आव्हान गरेकोले शेयर बाँडफाँड गर्दा बढी मुल्य प्रस्ताव गरी आवेदन दिने आवेदकलाई प्राथमिकता दिई शेयर बाँडफाँड गरिनेछ । कथंकदाचित बिक्री आव्हान गरे भन्दा बढी शेयरका लागी दरखास्त प्राप्त भई समान मुल्य प्रस्ताव गर्ने दरखास्तवालाहरूलाई सिमित शेयर बाँडफाँड गर्नु पर्ने अवस्था परेमा समानुपातिक रूपमा शेयर बाँडफाँड गरिनेछ । बाँडफाँडमा परेको शेयर बोलपत्रदाताले अनिवार्य रूपमा स्वीकार गर्नुपर्नेछ ।

१३. बोलपत्र आवेदनहरू मध्ये बाँडफाँडमा नपरेका आवेदकहरूको धरौटी वापत जम्मा भएको रकम बोलपत्र खोलि शेयर बाँडफाँड भएको दिनको तेश्रो कार्य दिनदेखि आवेदकले रकम बुझाएको केन्द्रबाट A/C payee चेक मार्फत वा आवेदकले दरखास्त फाराममा उल्लेख गरेको बैंक खाता रूजू भएमा नेपाल क्लियरिङ्ग हाउस लिमिटेडको IPS प्रणालीद्वारा सिधै आवेदकको बैंक खातामा फिर्ता भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै किसिमको व्याज प्रदान गरिने छैन ।

१४. बोलपत्र बाँडफाँड भएको जानकारी बिक्री प्रवन्धकले सार्वजनिक सूचना मार्फत जानकारी गराउने छ ।

१५. कथंम्कदाचित शेयर खरिदको लागि कुनै पनि बोलपत्र पेश हुन नआएमा वा बिक्री गरिने सम्पूर्ण शेयरको लागि बोलपत्र पेश हुन नआएमा वा आंशिक रूपमा बोलपत्र पेश भई बाँकी रहन जाने भएमा यही संस्थापक शेयर लिलामी सम्बन्धी विवरणहरूमार्फत पुनः लिलाम बढाबढ गर्न संचालक समितिको निर्णय बमोजिम सर्वसाधरण शेयरधनी एवं सस्थापक शेयरधनी र स्वदेशी वा विदेशी वित्तीय सस्थाहरूलाई पुनः सूचना प्रकाशन गरी लिलाम बढाबढ गर्न सकिनेछ ।

१६. बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्वन्धी कुनै विवाद उत्पन्न् भएमा सोको अन्तिम निणर्य बैंकमा निहित रहने छ ।

१७. आवेदकहरूले अनिवार्य रूपमा आ.व २०७२/७३ को कर विवरण दरखास्त वा कर चुत्ता प्रमाणपत्र र लगानी रकमको आय स्रोतको प्रमाण पेश गर्नुपर्नेछ । साथै कर्जा सूचना केन्द्र हेरीटेज प्लाजा, कमालादीबाट उपलब्ध हुने कालोसुचीमा नभएको वा सो सुचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पुरा भएको प्रमाण समेत पेश गर्नुपर्नेछ ।

१८. आवेदन दिंदा नेपाल राष्ट्र बैंकले तोकेको सम्पूर्ण प्रकृया पुरा भएको र आवेदन फाराममा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरू समेत पेश गर्नुपर्नेछ ।

**निष्काशन तथा बिक्री प्रबन्धक:**


**NABIL® INVESTMENT BANKING LTD.**
**(A Subsidiary of Nabil Bank Ltd.)**
**नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड**
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: nabilinvest@nabilbank.com, Url: www.nabilinvest.com.np